सभाध्यक्ष तथा सभाका सदस्य ज्यूहरु,

संङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई पहिलो पटक यस गरिमामय नगरसभामा आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।यस नगरपालिकाको अर्थिक वर्ष २०७९।०८० को बजेट तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वीत भएको छु। यस आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा सर्व प्रथम म प्युठान नगरपालिका निवासी सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदी वहिनीहरु जसले हामीलाई आफ्नो अमुल्य मत दिई यो स्थानमा पुर्‍याउनु भइ यो जिम्मेवारी प्रदान गर्नु भएकोमा हार्दिक धन्यबाद दिन चाहाँन्छु।सङ्घीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न समयमा भएका सम्पूर्ण राजनितिक आन्दोलनहरुमा वलिदान गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पन गर्न चाहान्छू ।साथै घाईते र अपांगहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछू ।

स्थानीय तहको दोश्रो निर्वाचन २०७९ बाट जनप्रतिनिधी निर्वाचित भएको करिव १ महिना मात्र पुगेको छ। समय अभावका कारण हामीले सबै सराकारवालाहरुसग छलफल गन सकेनै। तथापी जे जती सुझाव उपलब्ध भए ति सबै सकलन र मनन् गरि योजना निर्माणमा अगडि बढेका छै। छोटो समयको वावजुद नगरपालिकाको समग्र क्षेत्रलाई सम्बोधन गरी सम्बृद्ध नगरपालिका निर्माण गर्ने उद्देश्यका साथ कानूनी व्यवस्था भए बमोजिम २०७९ असार १० गते स्थानीय तहहरुले आफ्ना नीति तथा बजेट र कार्यक्रम प्रस्तुत गर्ने संबैधानिक व्यवस्था अनुसार प्यूठान नगरपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ। प्यूठान नगरपालिकाको नीति बमोजिम मेल खाने र ति नीतिहरुलाई सहयोग पुग्ने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

अब म प्यूठान नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को बजेट तथा कार्यक्रम यस गरिमामय नगर सभासमक्ष प्रस्तुत गर्दछु।

**आ.ब. २०७९।०८० को यस प्यूठान नगरपालिकालाई प्राप्त आय/ब्ययको विबरण यस प्रकार छ**

आय तर्फ

संघिय सरकारबाट प्राप्त अनुदान

समानीकरण अनुदान तर्फ :- १३६९००००

राजश्व वाँडफाँड केन्द्र (केन्द्र):- ११४२०००००

समपुरक अनुदान :- ५००००००

विशेष अनुदान :- १४००००००

शशर्त अनुदान कार्यक्रम सहित :- ३०५८०००००

सामाजिक सुरक्षा भत्ता (अनुमानित):- १५००००००००

**जम्मा:- ५७५९०००००**

**प्रदेश सरकारवाट प्राप्त अनुदान**

समानिकरण अनुदान ७५२९०००

सशर्त अनुदान १६००००००

विषेश अनुदान ७००००००

समपुरक अनुदान २००००००००

सवारी कर १४२५२०००

**जम्मा ६४७८१०००**

**आन्तरिक आय:- ३००००००००**

अल्याः- २००००००००

**जम्मा:- ५९७००००००**

**कुल जम्मा आय :- ८४०६८१०००**

नगर सभा सदस्य ज्यूहरु, माथि उल्लेखित बिभिन्न शिर्षक अन्तरगत प्राप्त भएको नगरपालिकाको कूल बजेट रु **८४०६८१०००** प्रस्ताव गर्दछु र सोको बजेट ब्ययको प्रक्षेपण तपसिल बमोजिम प्रस्ताव गर्दछु ।

**ब्यय तर्फको बजेट प्रस्ताव**

| क्र स | योजना | वजेट सिलिङ |
|---|---|---|
| १ | समपुरक तर्फ | ४२,०००,००० |
| २ | क्यान्टिन निर्माण | १,०००,००० |
| ३ | मेयर/उपमेयर कार्यक्रम | १०,०००,००० |
| ४ | स्वास्थ्य तर्फ | ८,०००,००० |
| ५ | शिक्षा तर्फ | ४५,०००,००० |
| ६ | कानुन इकाइ तर्फ | १,२००,००० |
| ७ | कृषि शाखा तर्फ | ९,५००,००० |
| ८ | पशु शाखा तर्फ | ५,०००,००० |
| ९ | राजश्व शाखा तर्फ | ६५०,००० |
| १० | विपद् तथा वातावरण तर्फ | १,५००,००० |
| ११ | महिला शाखा तर्फ | ३,०००,००० |
| १२ | आर्थिक विकास शाखा तर्फ | ३,०००,००० |
| १३ | झिम्रुक करिडोर स्तरउन्नती तथा हरित सडक निर्माण | २,५००,००० |
| १४ | सुचना प्रविधी शाखा तर्फ | १,२८२,००० |
| १५ | युवा तथा खेलकुद | १,५००,००० |
| १६ | स्वर्गद्वारी क्याम्पस व्यवस्थापन सहयोग | १,५००,००० |

| | | |
|---|---|---|
| १७ | नगर आयुर्वेद अस्पताल व्यवस्थापन सहयोग | ७००,००० |
| १८ | लम्छयाङ गुरुङ गाउँ टिकुरी सडक स्तरउन्नती | २,५००,००० |
| १९ | देउराली ढुंगेठाटी सडक स्तरउन्नती | २,५००,००० |
| २० | योजना शाखा तर्फ | ३००,००० |
| २१ | विपत कोष | ३,५००,००० |
| २२ | ग र घ वर्गको अपांग भएका व्यक्तिहरुलाई सुरक्षा भत्ता | २,६००,००० |
| २३ | आखा उपचार | २,०००,००० |
| २४ | कर्मचारी कल्याणकोष | १,०००,००० |
| २५ | पूर्वाधार शाखा | ४००,००० |
| २६ | डल्लेमेला वडा नं ७ | ५००,००० |
| २७ | नगरपालिका तर्फ प्रशासनिक खर्च | १२६,१४९,००० |
| २८ | वडा तर्फ प्रशासनिक खर्च | ४,७००,००० |
| २९ | वडा तर्फ पुँजिगत खर्च | ३९,०००,००० |
| ३० | प्यूठान अस्पतालमा आउने नगरबासीहरुको निशुःल्क ओ पि डि सेवा शुल्क | ४,००,००० |
| **जम्मा** | | **३२२,८८१,०००** |

**संघिय सरकार तर्फको ब्यय**

समपुरक अनुदान :- ५००००००

विशेष अनुदान :- १४००००००

शशर्त अनुदान कार्यक्रम सहित :- ३०५८०००००

सामाजिक सुरक्षा भत्ता (अनुमानित):- १५००००००००

**प्रदेश सरकार तर्फको ब्यय**

सशर्त अनुदान १६००००००

विषेश अनुदान ७००००००

समपुरक अनुदान २०००००००

**कुल जम्मा ब्यय:- ८४०६८१०००**

नगर सभा सदस्य ज्यूहरु माथि उल्लेखित शिर्षकहरुमा विनियोजन गरिएका कार्यक्रमहरुबाट नगरपालिकामा संघ तथा प्रदेश सरकार र अन्य निकायबाट प्राप्त समपुरक योजना कार्यान्वयनको लागि जम्मा रु ४ करोड २४ लाख बजेट प्रस्ताव गरेको छू । जसबाट नगरपालिकाका जनता आवास कार्यक्रम, झोलुंगे पुल कार्यक्रम, खानेपानी तथा सरसफाई योजनाहरु, सडक बोर्ड, स्मार्ट सडक बत्ती, इण्डक्शन चुल्हो लगायतका कार्यक्रमहरुमा उक्त रकम सम्पुरककोषको रुपमा खर्च गर्न प्रस्ताव गरिएको छ ।

मेयर उप-मेयर कार्यक्रम अन्तरगत प्यूठान न.पा.का १० वटै वडाका क्षेत्रहरु समेट्ने गरी पूर्वाधार, बिपद् तथा वातावरण, सामाजिक उत्तरदायित्व, आय आर्जनमा टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नको लागि रु १ करोड प्रस्ताव गरेको छु ।

नगरपालिकाको शिक्षाको गुणस्तर बृद्धि गर्न, शिक्षामा पूर्वाधारमा थप टेवा पुर्याउन शिक्षा तर्फ रु ४ करोड पचास लाख प्रस्ताव गरेको छू । नगरवासीहरुमा स्वास्थ्य सेवामा थप पहुँच, विशेषज्ञ सहितको स्वास्थय शिविर, निशुल्क रक्त सञ्चार सेवा र निशुल्क ओ पि डी दर्ता शुल्क, स्वास्थ्य संस्थाहरुको क्षमता विकास गरी स्वस्थ नगरबासीको पहिचान दिने अभियानका साथ स्वास्थ्य तर्फ रु ८० लाख प्रस्ताव गरेको छु । जसबाट निःशुल्क स्वास्थ्य सेवा, जेष्ठ नागरिकहरुको निशुल्क उपचार तथा घरदैलोमा चेकजाँच, संस्थागत संरचनाको विकास र स्वास्थ्य सम्बन्धी सुदृढिकरण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

आत्म निर्भर उत्पादनमा जोड दिदै आधुनिकर कृषि खेती, प्रविधी यूक्त खेती, किसान मैत्रीक कृषि कार्यक्रम, कृषि प्राविधीकहरुको पहुँच, कृषि जन्य रोग नियन्त्रण, उत्पादनमा आधारित अनुदान बितरण जस्ता कार्यक्रमहरु संचालन गर्नको लागि कृषि तर्फ रु ९५ लाख बजेट प्रस्ताव गरेको छु ।

पशु क्षेत्रको पकेट क्षेत्र, व्यवसायीक पशुपालन, आत्म निर्भरमुखी पशुपालन ब्यवसायी, उन्नत खालका व्यवसायीहरुको प्रोत्साहन तथा प्रबर्धन लगायत पशु पन्छी सम्बन्धी कार्यक्रम संचालन तथा पशुजन्य रोग रोकथाम कार्यक्रमको लागि रु ५० लाख प्रस्ताव गरेको छू ।

नगरपालिका भित्रका पहिचान भएका वा पहिचान हुन बाँकी जनजाती, दलित, महिला, बिपन्न, अल्पसंख्यकहरुको सकृय समन्वय तथा सहभागितामा आय आर्जन तथा ति बर्गहरुको आत्मनिर्भर मूखी कार्यक्रम संचालनका लागि आर्थिक बिकास तर्फ रु ३० लाख प्रस्ताव गरेको छु ।

नगरपालिका भित्रका सम्पूर्ण महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गहरु लक्षित कार्यक्रम संचालनको लागि रु ३० लाख र प्यूठान नगरपालिकाबाट ग र घ बर्गको अपाङ्गहरुको लागि रु २६ लाख गरी जम्मा ५६ लाख बजेट प्रस्ताव गरेको छु ।

प्यूठान नगरपालिका क्षेत्र भित्र देखा पर्ने वा पर्न सक्ने प्रकोप, बाढी पहिरो, आगलागी नियन्त्रण, महामारी नियन्त्रण जस्ता अत्याबश्यक प्रकोप ब्यवस्थापन तर्फ रु ३५ लाख र बातावरण संरक्षण तर्फ गरी रु १५ लाख गरी जम्मा रु ५० लाख बिनियोजनको प्रस्ताव गरेको छु ।

कानून इकाइलाई थप प्रभावकारी गराउनको लागि रु १२ लाख बिनियोजनको लागि प्रस्ताव गरेको छु ।

नगरपालिकाको नगरस्तरीय निम्न योजना संचालनको लागि रु २ करोड ७३ लाख प्रस्ताव गरेको छु ।

| **क्र स** | **योजना** | **वजेट सिलिङ** |
|---|---|---|
| १ | क्यान्टिन निर्माण | १,०००,००० |
| २ | झिम्रुक करिडोर स्तरउन्नती तथा हरित सडक निर्माण | २,५००,००० |

| | | |
|---|---|---|
| ३ | युवा तथा खेलकुद | १,५००,००० |
| ४ | स्वर्गद्वारी क्याम्पस व्यवस्थापन सहयोग | १,५००,००० |
| ५ | नगर आयुर्वेद अस्पताल व्यवस्थापन सहयोग | ७००,००० |
| ६ | लम्छयाङ गुरुङ गाउँ टिकुरी सडक स्तरउन्नती | २,५००,००० |
| ७ | देउराली ढुंगेठाटी सडक स्तरउन्नती | २,५००,००० |
| ८ | ग र घ वर्गको अपांग भएका व्यक्तिहरुलाई सुरक्षा भत्ता | २,६००,००० |
| ९ | आखा उपचार | २,०००,००० |
| १० | डल्लेमेला वडा नं ७ | ५००,००० |
| **जम्मा** | | **१७३०००००** |

प्यूठान नगरपालिकाका १० वटामा योजना तथा कार्यक्रम संचालनको लागि पुँजिगत बजेट जम्मा रु ३ करोड ९० लाख बजेट प्रस्ताव गरेको छु । साथै वडा कार्यालयहरुको प्रशासनीक खर्च ब्यवस्थापनको लागि चालु तर्फ रु ४७ लाख प्रस्ताव गरेको छु ।

प्यूठान नगरपालिकाका बिभिन्न शाखाहरुको क्षमता बिकास, प्रबिधीमैत्री सेवा प्रवाह र सुशासन कार्यक्रमका लागि निम्न अनुसार बजेट रु ३८ लाख ३२ हजार प्रस्ताव गरेको छू।

| **क्र स** | **योजना** | **वजेट सिलिङ** |
|---|---|---|
| १ | कानुन इकाइ तर्फ | १२००००० |
| २ | राजश्व शाखा तर्फ | ६५०००० |
| ३ | सुचना प्रविधी शाखा तर्फ | १,२८२,००० |
| ४ | योजना शाखा तर्फ | ३००,००० |
| ५ | पूर्वाधार शाखा | ४००,००० |
| **जम्मा** | | **३८३२०००** |

प्यूठान नगरकार्यपालिकाको कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरुले खाईपाई आएको तलबमानमा मासिक रु २ हजारका दरले थप गर्न प्रस्ताव गरेको छु ।

प्यूठान नगरपालिका तथा मातहतका कार्यालयहरुमा प्रविधीमैत्री सेवा प्रवाह गर्नको लागि रु ५० लाख बजेट बिनियोजनको लागि प्रस्ताव गरेको छू ।

यूवा तथा खेलकूद तर्फका पूर्वाधार निर्माण तथा अन्य कार्यक्रमहरु संचालनको लागि रु १५ लाख बजेट बिनियोजन गर्ने प्रस्ताव गरेको छू ।

नगर सभा सदस्य ज्यूहरु

सिंहदरबारको अधिकार गाउँ गाउँमा भन्ने उद्देश्यका साथ स्थापना भएको स्थानीय तहहरुमा प्राप्त हुने बजेट निकै अपर्याप्त भएको, साच्चिकै नगरबासीका चाहानाहरुलाई सम्बोधन गर्न तथा समृद्ध नगरपालिका निर्माण गर्नको लागि नपुग भएको सर्व विदितै छ । केन्द्र, प्रदेश सरकारहरुले स्थानीय तहहरुलाई उपलब्ध गराउन श्रोत र साधनहरु प्रयाप्त छैनन् । सो को बाबजुद पनि प्राप्त सिमीत श्रोत र साधनलाई अधिकतम उपयोगमुखी बनाउँदै नगरपालिकाका समग्र क्षेत्रहरुलाइ समेट्दै बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ । वडाबासीका चाहनाहरुलाई वडा कार्यालयहरुबाट अधिकतम सम्बोधन गर्ने लक्ष्यका साथ वजेट विनियोजन गरिएको छ  प्रस्ताबीत बजेट तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरी नगरपालिकाको समग्र बिकास तथा उन्नती हासिल गर्न तर्फ सबै सरोकारवाला लाग्नुहुन हार्दिक अनुरोध गर्दै बजेट तथा कार्यक्रमका निर्माण गर्न सहयोग पुर्याउनु हुने कार्यपालीका सदस्यहरु, बिषयगत समितिहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, रचनात्मक सल्लाह सुझाव दिनुहुने राजनितिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, निवर्तमान नगरप्रमुख उपप्रमुख एंव जनप्रतिनिधी ज्यूहरु, बुद्धिजिवी, पत्रकार तथा अन्य सरोकारवाला तथा कर्मचारीहरु सबैलाई बिशेष धन्यवाद दिदै आर्थिक बर्ष २०७९।०८० को बजेट तथा कार्यक्रममा सकृय सहभागिता, रचनात्मक सुझाव सहित अनुमोदनको लागि प्रस्ताव गर्दछु ।

धन्यवाद ।

देवेन्द्र बर्मा  
नगर उप-प्रमुख  
मितिः २०७९।०३।१०